सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# टीकापुर अस्पताल
टीकापुर, कैलाली, नेपाल ।

०९१-५६०४८८
tikapurhospital@gmail.com
tikapurhospital.gov.np

## सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८२/०१/१९)

यस अस्पतालको रिक्त दरबन्दी र कार्यक्रम अन्तर्गत "करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्बन्धि मापदण्ड, २०८१" बमोजिम तपसिलको पदमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र साझँको ५.०० बजेसम्म इमेल मार्फत तोकिए बमोजिमको आवश्यक योग्यता पुगेको इच्छुक नेपाली नागरिकले आवश्यक फाराम भरि आवेदन दिन हुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. नं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८१/८२/१० | कन्सल्टेण्ट साईक्याट्रिष्ट | नवौं | १ | |
| २. | २०८१/८२/११ | मेडिकल अधिकृत | आठौं | ३ | अर्थोपेडिक, सर्जरी र बालरोग विभागका लागि |
| ३. | २०८१/८२/१२ | एनेस्थेसिया सहायक | पाचौं | १ | |

१. योग्यता

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. न्यूनतम योग्यताः माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ बमोजिम सम्बन्धित समूह तथा उपसमूह रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

ग. उमेर हदः पाचौं तहका लागि १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ । नवौं र आठौं तहका लागि २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ ।

घ. सम्बन्धित क परिषदमा दर्ता तथा नविकरण समेत भएको हुनुपर्नेछ । प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।

२. दरखास्त विधिः योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस अस्पतालको इमेल vacancythp@gmail.com मार्फत दरखास्त फाराम पेश गर्नुपर्नेछ । दरखास्त फाराम अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np बाट प्राप्त गर्न सकिनेछ । आवेदनकर्ताले श्री राष्ट्रिय वाणिज्य बैंक शाखा धनगढी रहेको खाता नं १०००१००२०००१०००० (कार्यालय कोड नं. ३५००२७७०२७) राजस्व शीर्षक नं. १४२२९ मा नवौं तहको लागि रु १,२००।- (अक्षरेपि एक हजार दुई सय मात्र), आठौं तहको लागि रु १,०००।- (अक्षरेपि एक हजार मात्र) र पाचौं तहको लागि रु ७००।- (अक्षरेपि सात सय मात्र) । इमेल मार्फत पठाईएको दरखास्त मात्रै छनौट प्रकृयामा समावेश गरिनेछ ।



प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

३. दरखास्त मितिः विज्ञापन भएको मितिले १५ दिन भित्र (२०८२/०२/०२) साझँको ५.०० बजेसम्म दरखास्त इमेल मार्फत पेश गरिसक्नु पर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्टसम्म इमेल मार्फत दरखास्त दिन सकिनेछ। म्याद नाघी पेश भई आएका दरखास्त माथि कुनै कारबाही हुने छैन ।

४. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः दरखास्त फाराम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो १ प्रति टाँसी, दरखास्त दस्तुर तिरेको भौचर रसिदको प्रतिलिपि, उम्मेदवारको व्यक्तिगत विवरण (CV), शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), अनुभवको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी (PDF) बनाई सम्बन्धित इमेल मार्फत पेश गर्नुपर्नेछ ।

५. छनौट प्रकृयाः सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयद्वारा स्वीकृत करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्वन्धि मापदण्ड, २०८१ बमोजिम लिखित र अन्तर्वार्ता विधिबाट छनौट हुनेछ ।

६. सेवा सुविधाः छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई पारिश्रमिक प्रदेश सरकारको नियमानुसार र अन्य सेवा सुविधा तथा शर्तहरु सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

७. लिखित र अन्तर्वार्ताको मिति सम्बन्धित सूचना यस अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ । संक्षिप्त सूचिमा छनौट भएका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्तामा सहभागी गराईनेछ । अन्तर्वार्ता आउदा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ ।

८. उम्मेदवारद्वारा पेश गरिएका कागजातहरु झुटो ठहर भएमा प्रचलित नियमानुसार कारवाही गरिनेछ ।

९. सम्पर्क मिति २०८२/०२/०४ गते आइतवार यस अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ ।

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

फोटो

# करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी पदपूर्तिका लागि
## आवेदन फाराम

मितिः २०८२/    /

विषयः करार सेवामा कामकाजको लागि आवेदन पेश गरेको ।

श्रीमान् प्रमुख मेडिकल सुपरिटेन्डेन्ट ज्यू
टीकापुर अस्पताल
टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल ।

टीकापुर अस्पतालको मिति २०८२/   /    गतेको विज्ञापन सूचना अनुसार................................... पदका लागि मेरो योग्यता तथा अन्य आवश्यक मापदण्ड पुग्ने भएकोले उक्त पदमा करार सेवामा नियुक्ति गरिपाउँ भनी देहाय बमोजिमको विवरण र आवश्यक कागजात संलग्न राखी आवेदन पेश गरेको छु ।

**निवेदकको विवरणः**

क) नाम, थरः                                        ख) बुवा/आमाको नाम

ग) स्थायी ठेगाना

घ) हालको ठेगाना

ङ) ना.प्र.प.न.                                        च) जन्ममितिः

छ) परिषद दर्ता नं.

ज) शैक्षिक योग्यता

१. न्यूनतमः    श्रेणीः    प्रतिशतः

२. माथिल्लोः    श्रेणीः    प्रतिशतः

झ) सम्बन्धित पदको अनुभवः

१. .......................

२. .......................

ञ) मोबाइल नं.

ट) इमेल ठेगाना

**निवेदकको हस्ताक्षरः**